# राष्ट्रिय बीमा कम्पनी लिमिटेड
# RASTRIYA BEEMA COMPANY LIMITED

(नेपाल सरकारको स्वामित्व प्राप्त)

प्रधान कार्यालय रामशाहपथ, काठमाडौं

E-mail: info@rbcl.gov.np, Website: www.rbcl.gov.np

फोन नं : ०१-४२५८८६६
फ्याक्स : ०१-४२५८७२१
पोष्ट बक्स नं. : २३८३७


च.नं. / Ref.२०८० / ८१ / ३५

मितिः २०८०।१२।०५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

भद्रकाली, काठमाडौं ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेड - २०७१ -

**विषय : जानकारी गराइएको बारे ।**

श्री नेपाल सरकार अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको च.नं.६५१, मिति २०८०।१२।०४ को पत्रानुसार श्री कमानसिं थापामगरज्यूलाई राष्ट्रिय बीमा कम्पनी लिमिटेडको सञ्चालक समितिमा अर्थ मन्त्रालयको प्रतिनिधित्व हुने व्यवस्था भए बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि समितिको सञ्चालक सदस्य रहने गरि मिति २०८०।१२।०५ मा कम्पनीको सञ्चालक समितिका अध्यक्षज्यूबाट पद तथा गोपनियताको सपथ ग्रहण गर्दै कम्पनीको सञ्चालक समितिको सदयको रुपमा पद बहाली गर्नु भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

..........................

डा. सृजना पन्त

कम्पनी सचिव

संलग्न :

अर्थ मन्त्रालयको नियुक्ति पत्रको छाँयाप्रति ।

सपथ ग्रहणको छाँयाप्रति ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

Email: fsmd@mof.gov.np

पत्र संख्या:- स.स./२०८०/८१
च. नं.:- ५८१

मिति २०८०/१२/०४

राष्ट्रिय बीमा कम्पनी लिमिटेड
दर्ता नं.: १८६२
मिति: २०८०-१२-४

विषय: **सञ्चालक समिति सदस्य मनोनयन सम्बन्धमा ।**

श्री कमानसिं थापामगर,
उपसचिव,
अर्थ मन्त्रालय, काठमाण्डौ ।

यहाँलाई नेपाल सरकार (सचिव स्तर) को मिति २०८०/१२/०४ को निर्णयानुसार राष्ट्रिय बीमा कम्पनी लिमिटेड र बिशाल बजार कम्पनी लिमिटेडको सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको व्यहोरा अनुरोध छ ।

साथै, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक निकायका सञ्चालकले निर्वाह गर्नुपर्ने काम, कर्तव्य र आचरण यसैसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

.............................
(बोलराज आचार्य)
उप-सचिव

**बोधार्थ:**
श्री प्रशासन महाशाखा, अर्थमन्त्रालय, सिंहदरवार ।
श्री राष्ट्रिय बीमा कम्पनी लिमिटेड,रामशाह पथ काठमाडौ ।
श्री बिशाल बजार कम्पनी लिमिटेड,न्युरोड काठमाडौं।

## अनुसूची १

(बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७५ को दफा ३ को उपदफा ४ संग सम्बन्धित)

**सपथ**

मितिः २०८०।१२।०५

म **कमानसिं** थापामगर सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु र इश्वरको नाममा सपथ लिन्छु कि बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९ र नेपाल बीमा प्राधिकरणले समय समयमा जारी गरेका निर्देशन तथा पदको अन्य जिम्मेवारी र कर्तव्य कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, राग, द्वेष वा लोभ लालचमा नपरी इमान्दारीका साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको शिलशिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा वाहेक आफू बहाल रहेको वा नरहेको कुनैपनि अवस्थामा प्रकट गर्नेछैन ।

कमानसिं थापामगर
सञ्चालक
राष्ट्रिय बीमा कम्पनी लिमिटेड

दिनेश उपाध्याय
अध्यक्ष
राष्ट्रिय बीमा कम्पनी लिमिटेड